स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'बेहुली फ्रम मेघौली' हलबाट उतार्ने निर्माता एवं अभिनेता निश्चल बस्नेतले घोषणा गरेका छन्। उनले बिहीबारदेखि आफ्नो फिल्म कुनै पनि हलमा नरहने जानकारी दिएका हुन्। 'बिहीबारदेखि हाम्रो फिल्म नेपालको सबै हलबाट नलगाउने निर्णय गरेका छौं,' निश्चलले फेसबुकमा लेखेका छन् । चाँडै एसएमएस भिडिओ ओटिटी प्लेटफर्ममा रिलिज गरिने पनि उनले जानकारी दिएका छन् ।

**आजको विचार...**



चाडपर्वसँगै...
*(दुई पेजमा)*

रामकुमार एलन



बलिउड अभिनेत्री आलिया भट्ट पछिल्लो समय आफ्नो फिल्म जिगरालाई लिएर चर्चामा छिन् । जिग्रा फिल्ममा आलियाको अभिनयलाई उनका फ्यानले निकै मन पराएका छन्। दक्षिण भारतीय अभिनेत्री सामन्था रुथ प्रभुले पनि आलियाको अभिनय निकै रुचाएकी छिन्। आलियाले आफ्नो इन्ष्टाग्राम ह्यान्डलमा प्रतिक्रिया दिँदै लेखेकी छिन्, 'धेरै धेरै धन्यवाद स्याम।' सामन्था रुथ प्रभुले आफ्नो इन्स्टाग्राम स्टोरीमा जिग्राको पोस्टर पोस्ट गरेकी थिइन्। पोस्टरसँगै उनले आलिया भट्ट को अभिनयको प्रशंसा गर्दै उनलाई 'बघीनी' भनेकी थिइन्।

❑ वर्ष ३० ❑ अंक ८८ ❑ २०८१ कार्तिक १ गते बिहीबार 17 October 2024, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## बस दुर्घटनामा पाँचको मृत्यु

**डडेल्धुरा,** असोज ३०/डडेल्धुरामा भएको बस दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ । कञ्चनपुरको महेन्द्रनगरबाट बैतडीको पुर्चौंडीका लागि छुटेको पवनदूत यातायातको ना ८ ख १०७८ नम्बरको बस मंगलबाररराति डडेल्धुराको अमरगढी नगरपालिका-७ खसरेखानमा दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा बैतडीको पुर्चौंडी नगरपालिका-१० की ६० वर्षीया गोवणी महरा, पुर्चौंडी-३ बस्ने ४५ वर्षीय जैमती बोहरा, दुई दिनका शिशु, २२ वर्षीय सहदेव बोहरा र २१ वर्षीया कमला बोहरा रहेको जिल्ला प्रहरी कार्यालय डडेल्धुराका सूचना अधिकारी तथा प्रहरी निरीक्षक उपेन्द्र बमले जानकारी दिए । उनका अनुसार उनीहरुको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनामा परी गम्भीर घाइते भएका बस चालक वीरेन्द्र बोहरासहित १२ जनालाई थप उपचारका लागि धनगढी पठाइएको सूचना अधिकारी प्रहरी निरीक्षक बमले जानकारी दिए । दुर्घटनामा अन्य ११ जना पनि घाइते छन् । बस सडकबाट झण्डै तीन सय मिटर खसेर पोखरा-बेलापुर सडकमा परेको छ । दुर्घटनाका कारण भने खुल्न सकेको छैन । दुर्घटनामा परी अन्य पनि बेपत्ता भएको आशङ्कामा प्रहरीले खोजी जारी राखेको छ । स्थानीय सर्वसाधारण र प्रहरी खोजतलास जारी राखेका छन् । दुर्घटनाग्रस्त बस क्षतविक्षत भएको छ ।

*-रासस*

# तानसेनमा खानेपानी महसुल घटाइयो

***खानेपानीको महसुल अत्यधिक भएको भन्दै स्थानीय उपभोक्ताले मूल्य समायोजन गर्न आग्रह गर्दै आएपछि समितिले खानेपानीको महसुलमा परिवर्तन गरेको हो ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज ३०/तानसेनमा खानेपानी महसुल घटाइएको छ । तानसेन खानेपानी उपभोक्ता समितिको बुधबार बसेको बोर्ड बैंठकले कार्तिक १ गतेदेखि लागु हुने गरी महसुल घटाएको पत्रकार सम्मेलनमार्फत जानकारी गराएको छ । खानेपानीको महसुल अत्यधिक भएको भन्दै स्थानीय उपभोक्ताले मूल्य समायोजन गर्न आग्रह गर्दै आएपछि समितिले खानेपानीको महसुलमा परिवर्तन गरेको हो ।

उपभोक्ताले खानेपानीको महसुल महँगो भएको, न्यूनतम मूल्य बढी भएको बताउँदै आएका थिए । उपभोक्ताको माग र समितिको निर्णय अनुसार यसअघि कायम गरिएको मूल्यभन्दा कम बनाएर मूल्य समायोजन गरिएको समितिका अध्यक्ष मोहन प्रसाद श्रेष्ठले जानकारी दिए । समितिले ग्राहस्थ र गैर ग्राहस्थ (सरकारी कार्यालय, संघसंस्था, होटल व्यवसाय, विद्यालय) गरी दुई भागमा विभाजन गरी मूल्य समायोजन गरेको छ । समितिका अध्यक्ष श्रेष्ठका अनुसार ग्राहस्थतर्फ न्यूनतम एक हजार लिटरसम्म ३ सय रुपैयाँ कायम गरिएको छ । एक



हजारदेखि १० हजारलिटरसम्म प्रतिहजार ३० रुपैयाँ, ११ हजार लिटरदेखि १५ हजार लिटरसम्म प्रतिहजार ८० रुपैयाँ मूल्य कायम गरिएको छ । यस्तै १६ हजार लिटरदेखि २० हजार लिटरसम्म प्रतिहजार एक सय, २१ हजारदेखि ३० हजारसम्म प्रतिहजार २ सय, ३१ हजारदेखि ४० हजारसम्म प्रतिहजार २ सय ५० र ४१ हजार लिटरदेखि माथिका लागि प्रतिहजार लिटर ३ सय थप हुने समितिका अध्यक्ष श्रेष्ठले बताए । यस्तै समितिले गैर ग्राहस्थ (सरकारी कार्यालय, संघसंस्था, होटल व्यवसाय, विद्यालय) का लागि पहिलेको महसुलमा १० प्रतिशत घटाएको छ । जहाँ न्यूनतम महसुल २ सय रहेको छ । समितिले एक हजार लिटरदेखि ५ हजार लिटरसम्मका लागि ५४ रुपैयाँ, एक हजारदेखि १० हजार लिटरसम्मका लागि ७२ रुपैयाँ, एक हजारदेखि १५ हजार लिटरसम्मका लागि ९० रुपैयाँ, एक हजारदेखि २० हजार लिटरसम्मका लागि १ सय ८ रुपैयाँ, एक हजारदेखि २५ हजार लिटरसम्मका लागि १ सय ३५, एक हजारदेखि ३० हजार लिटरसम्मका लागि १ सय ६२, एक हजार लिटरदेखि ५० हजार लिटरसम्मका लागि १ सय ८० र एक हजारदेखि ५१ हजार लिटर माथिको लागि २ सय २५ थप हुने गरी मूल्य समायोजन गरिएको छ । उपभोक्ताको हितलाई मध्यनजर गरी मूल्य समायोजन गरिएको अध्यक्ष श्रेष्ठले बताए । उपभोक्ताबाट एक हजार उठाएर उपभोक्ता कल्याणकोष स्थापना गरी उपभोक्ताकै हितका लागि खर्च गर्ने निर्णय समेत समितिले गरेको पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको छ । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष भरत शर्माले उपभोक्ता समितिले ढिलाई भए पनि उपभोक्तालाई राहत हुने गरी मूल्य समायोजन गरेकोमा खुसी व्यक्त गरे । उनले नयाँ समिति आएदेखि तानसेनवासीले खानेपानीमा सहज महसुस समेत गरेको बताए । समितिका अध्यक्ष मोहन प्रसाद श्रेष्ठको अध्यक्षता, सचिव प्रेम मल्लको सञ्चालनमा पत्रकार सम्मेलन भएको थियो ।

**रोगबाट बच्ने उपायहरू**

- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि,
- बाह्य जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिशा पिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि,

*साबुन पानीले मिचिमिचि हात धोऔं, रोगबाट बचौं र बचाऔं ।*

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# पाल्पामा 'प्रहरी दिवस' मनाइयो

**भरत शर्मा**

**पाल्पा,** असोज ३०/जिल्ला प्रहरी कार्यालय पाल्पाले ६९ औं प्रहरी दिवस भव्यताका साथ मनाएको छ । प्रहरीले बुधबार विभिन्न कार्यक्रम गरी दिवस मनाएको हो ।

नेपाल प्रहरीले असोज ३० गतेलाई प्रहरी दिवसको रुपमा मनाउँदै आएको छ । नेपाल प्रहरीको स्थापना २०१२ साल असोज ३० गते भएको हो । प्रहरी दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय पाल्पाले उत्कृष्ट काम गर्ने प्रहरी, विभिन्न क्षेत्रबाट प्रहरीलाई सहयोग गर्ने व्यक्ति, संघ संस्था, खेल प्रतियोगितामा विजयी प्रतियोगीहरुलाई सम्मान गरेको छ । यस्तै सोही अवसरमा विभिन्न समयमा सेवामा खटिदा विरगती प्राप्त गरेका अमर प्रहरीका परिवारहरुलाई दोषल्ला ओढाएर सम्मान समेत गरिएको थियो । अमर प्रहरीप्रति प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले, जिल्लाका निमित्त प्रहरी प्रमुख सुनिल मल्ल लगायतले अमर प्रहरीप्रति पुष्पगुच्छा अर्पण गर्दै माल्यापर्ण गरेका थिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी काफ्लेले सिंहदरबारदेखी जनताको घरदैलोसम्म पुग्ने जनताको हरेक दु:ख



सुखमा साथ दिने एक मात्र संस्था नेपाल प्रहरी भएको बताए । जनताको हरेक विपद्का घटनादेखी जस्तो सुकै काममा प्रहरीको अहम भूमिका भएको प्रजिअ काफ्लेले उल्लेख गरे । उनले भने 'विपद्का बेला होस् वा समाजमा शान्ति सुरक्षा कायम राख्न नेपाल प्रहरी सधैव कटिवद्ध भएर लागेको छ ।' प्रजिअ काफ्लेले सही सूचना समयमै प्रहरीलाई दिन समेत आम नागरिकलाई आग्रह गरे । उनले सबैको साझा प्रयास र सहयोग पाएमा सुरक्षा निकायले आफ्नो जिम्मेवारी कुसलतापूर्व पुरा गर्ने बताए । पूर्व प्रहरी संगठनका केन्द्रीय सदस्य मुक्तिराम शर्माले प्रहरीलाई प्रविधी मैत्री बनाउन सके अझै गुणस्तरीय सेवा प्रदान गर्न सकिने भएकाले राज्यका हरेक निकायले प्रहरीलाई साधन, स्रोतयुक्त बनाउनु पर्नेमा जोड दिए । कार्यक्रममातानसेन नगरपालिका- ४ का वडा अध्यक्ष हेमन्तराज शाक्य, अमर प्रहरी परिवारकी सिता जिसी लगायतले प्रहरीमा राष्ट्र र जनताप्रतिको जिम्मेवारी ठूलो रहेको बताउँदै प्रहरीले अनुशासनको पालना गर्दै उच्च मनोवलका साथ काम गर्नुपर्ने बताए । जिल्लाका निमित्त प्रहरी प्रमुख सुनिल मल्लले नेपाल सरकारको कानुन कार्यान्वयन देखी हरेक जनताको पिरमर्कामा प्रहरीको सक्रिय भूमिका रहेको बताए । अग्रज प्रहरी र अमर प्रहरीको मार्ग दर्शन र नेपालको कानुन अनुसार प्रहरी परिचालन हुँदै आएको उनको भनाई छ । मल्लको अध्यक्षता, प्रहरी निरीक्षक सन्दीप बेल्वासेको स्वागत, प्रहरी नायव निरिक्षक गणेश विकको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## गरिबी निवारण दिवसको औचित्य

**अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्षको अक्टोबर १७ मा यो दिवस मनाउने गरिएको छ । गरिबीको उन्मुलन शान्ति, स्थायित्व र आर्थिक विकासका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ । यही कुरालाई लिएर गरिबी निवारणका लागि शान्तिपूर्ण र समावेशी समाजहरु भन्ने विश्वव्यापी अवधारणा अघि सारिएको थियो । सोही अनुरुप यो दिवस हरेक वर्ष मनाइँदै आइएको छ ।**

**नेपालमा जनताको जीवनस्तरमा परिवर्तन भई गरिबी निवारण गर्ने लक्ष्य राखिए पनि यो सधैं चुनौतीका रुपमा रहिआएको छ । बर्सेनि दुई प्रतिशतका दरले गरिबी घटिरहेको तथ्याङ्क सार्वजनिक हुने गरे पनि निरपेक्ष गरिबीको रेखामुनि रहेका समूहको जीवनस्तरमा भने खासै परिवर्तन हुन सकेको छैन । अझै पनि देशका धेरै नागरिक गरिबीका कारण आधारभूत आवश्यकताबाटै बञ्चित भइरहेका छन् । सविधानले आधारभूत आवश्यकताबाट कोही पनि बञ्चित हुन नपर्ने व्यवस्था गरे पनि गाँस, बास र कपासकै समस्याबाट धेरै नागरिक गुज्रिनु परेको छ । यो अत्यन्त दुःखको कुरा हो । सामान्य अर्थमा गास, बास, कपास, शिक्षा र स्वास्थ्यको पहुँच नपुगेको अवस्था नै गरिबी हो । रोग, भोक, अज्ञानता र अशिक्षा गरिबीका विशेषताहरु हुन् । यही भएर नै देशको आर्थिक विकासमा गरिबीलाई मुख्य चुनौतिको रुपमा हेर्ने गरिएको छ । गरिबीले सामाजिक कल्याणमा ह्रास ल्याउनुका साथै मुलुकको आर्थिक प्रगतिमा बाधा सिर्जना गरिदिन्छ । त्यसैले विकासशील हुन् वा विकसित, सबैजसो मुलुकहरूका लागि गरिबी चिन्ता र चासोको विषय बनेको छ । गरिबीलाई सामान्यतया सापेक्ष गरिबी र निरपेक्ष गरिबी गरी दुई किसिमले परिभाषित गर्न सकिन्छ । आफ्ना न्यूनतम आधारभूत आवश्यकताहरू पनि पूरा गर्न नसक्नेहरू निरपेक्ष गरिब हुन् भने सापेक्ष गरिबी एक तुलनात्मक अवधारणा हो । कुनै पनि मुलुकले गति लिन नसक्नुको पछाडी प्रमुख कारण गरिबी नै हो । गरिबी पनि राज्यका अंगसँगै जोडिएर आउने विषय भएकाले यसको निवारणका लागि सरकारका सबै निकाय क्रियाशील भएर लाग्न आवश्यक छ । यसो भयो भने मात्र हरेक वर्ष गरिबी निवारण दिवस मनाउनुको औचित्य रहन्छ ।**

### Opinion @ Social Network

कसैले बुझ्न खोजेन लाचार खरानीको महत्व,
आफू भस्म भएर कराईको पिँध जोगाएको छ।
*(मोहन खत्रीकोफेसबुक स्टाटसबाट www.facebook.com//khatri.mohan)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# चाडपर्वसँगै हराउँदै मौलिकता



**रामकुमार एलन**

हाम्रा चाडपर्वहरु बदलिएका छन् । यद्यपि यसको मानक बदलिएको छैन । दसैं, तिहार, छठलगायत पर्वहरुले देशव्यापी आकार लिइरहँदा पर्वका खास महत्व र गरिमा पर्वसँग जोडिएका मौलिकता भने हराउँदै गएका छन्, मेटिँदै गएका छन् । यसले हाम्रा चाडपर्व कर्मकाण्डीमा सीमित हुन थालेको देखिन्छ । चाडपर्व खागरी दसैं, तिहार आउँदा परिपाटी नै बनेको छ गाउँ जाने-फर्किने । बिस्तारै पर्वहरुको मानक यस्तैमा सीमित भइरहँदा पर्वका अर्थहरु पनि हराउँदै जाने अवस्था बनेको छ । पर्वको रौनक नै मेटिने सङ्केत गर्दैछ । एकातिर दसैं, तिहारजस्ता पर्वहरुमा जति प्रहार भइरहेका छन्, त्यसको खण्डन पनि भइरहको छैन भने अर्कातिर पर्व मनाउने नाममा मानकहरु किन महत्वपूर्ण छन्, यो हाम्रो सभ्यता र सम्पदा पनि हो भनेर नयाँ पुस्तामा पुस्तान्तरण गर्न सकिरहेका छैनौं । यसैले दसैं, तिहार विस्तारै सङ्क्रान्ति, मसान्तजस्तो सामान्य तिथिमा सीमित हुने अवस्था बन्दैछ ।

दसैँबारे नकारात्मक हिसाबले चर्चा र आलोचना हुने गरेको छ । जस्तो, निम्छरालाई खाने चामल छैन, टीका लगाएर करोडको चामल खेर फालिएको छ, अनावश्यक बली देखाउने गरिएको छ । यसलाई नयाँ पुस्तामा पनि नेपालीको पहिलो चाडका रुपमा स्थापित गरिनुपर्छ भनेर चिन्तन् पनि हुन छाडेको छ । चाडपर्वका केही मौलिकताहरु विस्तारै हराउँदै गएका छन् ।

**फूलपातीको हर्षबढाइँ**

बडादसैँमा घटस्थापनादेखि १५ दिन नै दैनिकजसो नयाँ देवीको पूजाआराधना गरिन्छ । जमराको महत्वलाई हामीले युवा पुस्तामा लगेका छैनौं । बरु अनेक फूल शिरमा सिउरेर भए पनि आशीष दिएर दसैँको औपचारिकता पूरा गरिरहेका छौं । जौको जमराको महत्वबारे चर्चा गर्न छाडेका छौं । हरेक दिन पुजिने देवीदेउताबारे पनि नयाँ पुस्तालाई रुचि र ज्ञान छैन । हामीले पनि यसको महिमा नयाँ पुस्तालाई बुझाउन चाहेका छैनौं । क्रमशः दसैँको सातौं दिन फूलपाती भित्र्याउने हर्कबढाइँ बडादसैँभित्र हराउँदै गएको एउटा महत्वपूर्ण कडी बन्ने गरेको छ । फूलपातीका दिन साँझ पूजापाठसहित फूलपाती भित्र्याउने दसैँको रौनक घट्दो छ । यसको पहिलो कारण अचेल फूलपातीका दिनसम्म कामकाजी युवा कार्यालयको काम सकेर बल्ल घर आउने चटारोमा हुन्छन् । घरमा छोरा, नाति नभएपछि एक्ला अभिभावकले फूलपातीको रौनक थेग्न सक्दैनन्, भित्र्याउन पनि सक्दैनन् । सन्तान नआएसम्म दसैं नलाग्ने हाम्रो गाउँघरमा फूलपातीका दिनसम्म घर नपुग्ने क्रम बढ्न थालेको धेरै भयो । पहिलाजस्तो षष्ठीकै दिन छोरा, नाति बाहिरबाट घर आइपुग्थे र फूलपातीका दिन भब्यसँग हर्कबढाइँ हुन्थ्यो । अब त सन्तान नै महाअष्टमीका दिन पुग्न थाले । त्यसैले हर्कबढाइँका साथ फूलपाती भित्र्याउने पुस्ता गाउँमा छैन । गरिखाने वर्गजति सहर केन्द्रित हुनु परेकाले जमरा राख्ने काम त हुन्छ तर यसका सातौं दिनको फूलपाती भित्र्याउने संस्कार लोप हुँदैछ । बन्दुक पड्काएर जुन हर्कबढाइँ हुन्थ्यो, अचेल यस्तो हुँदैन । महाअष्टमीमा बडाघरमा हुने पूजा पनि हराउन थालेको छ । गाउँमा जम्मा भएकाहरु हतारमा टीकाका दिन साइतको टीका थापेर मावल र ससुराल जाने चटारो हुने गरेको यो वर्ष गाडी उस्तै अभाव थियो । गाउँका गाडी भरिभराउ थिए । टाढाको यात्राका लागि सहज थिएन । त्यसैले पनि गाउँ आएकाले साथीभाइ भेटघाट र खुशी साटासाट अनुभूत गर्न पाएनन् ।

**पिङहरु गायब**

बडादसैं, तिहारमा गाउँमा रोटेपिङ हाल्ने, लिङ्गेपिङ हाल्ने संस्कार पनि विस्तारै हराउँदै गएको छ । गाउँका युवा व्यस्त हुँदा र गाउँमा युवा नहुँदाको परिणाम यस्ता कुराहरुमा देखिन थालेको छ । देश बाहिर गएका युवा पनि छोटो समयलाई आउने भएकाले गाउँमा चाडपर्वका कैयौं मौलिकता विस्तारै हराउँदै जान थालेका छन् । सबै भेला हुने, गाउँमा पिङ हाल्ने, नाचगान गर्ने, रातभर रोधी बस्नेजस्ता कार्यक्रम चाडपर्वको नियमितताभित्र पर्न छाडेका छन् । डिजिटल पुस्तालाई संस्कृतिबारे बताउने समय पनि नहुने गरी अभ्यस्त बनेका नेपालीले चाडपर्वको कैयौं मौलिकता मनाउन छाडेका छन् भन्दा पनि हुन्छ । पहिलापहिला गाउँमा युवा क्लबले खर (बाबियो) काट्ने, सार्वजनिक चौरमा भेला भएर पयो हालेर पिङ बाट्ने, काठ काठेर पिङ हाल्ने काम गर्थे । अचेल गाउँ पुगेका युवा पुस्ताबीच चिनजानसमेत हुन छाडेको छ । गाउँको सामाजिक काममा धेरैको संलग्नता नै हुन छाडेको छ । बाटो सरसफाइ गर्ने, चौडा बनाउने काम गर्ने युवा अचेल गाउँमा छैनन् । सबै घरघरमा व्यस्त हुने गर्छन् । विस्तारै डिजिटल प्रणालीले युवा पुस्तालाई एक्ल्याएर सामाजिक कार्यमा समेत सामूहिकताबाट अलग गराउन थालेको छ । यसको असर चाडपर्वहरुमा पिङ हराउन थालेको छ । गाउँका चौरमा रोटेपिङ, लिङ्गेपिङ मच्चिन छाडेका छन् । केही भूगोलमा हालिएका पिङहरु सामाजिक सञ्जालमा भाइरल पो भइरहेका छन् ।

**बिर्सन थालियो मठमन्दिरका महिमा**

पछिल्लो समय चाडपर्वमा घर आउने पुस्तालाई गाउँघरका धार्मिक मठमन्दिरमा किन पूजापाठ हुन्छ भन्ने चासो पनि हुन छाडेको छ । चाडपर्वका बेला विभिन्न शक्तिपीठमा पूजाआराधना हुने गरेका छन् । तिनको आफ्नै धार्मिक महत्व छ । तर धर्मप्रति घट्दो रुचि र पुरानो पुस्ताले पनि यस्ता शक्तिपीठप्रति कम चासो जगाउने गरेकाले नयाँ पुस्तालाई आफ्नै आसपासका धार्मिक मठमन्दिरप्रति कुनै रुचि छैन । मठमन्दिर पछिल्लो समय वश पर्यटकीय केन्द्रका रुपमा परिचित हुँदै गएका छन् । मन्दिरमा दर्शन भन्दा प्रदर्शन गर्ने होड चलेको देखिन्छ । जुन मन्दिरमा गएका छन्, त्यो मन्दिरको महत्व भन्दा बढी त्यहाँ घुमघाम र फोटो खिच्नमै युवा पुस्ता रमाउने गरेका छन् । यसैले मठमन्दिरको महिमा पनि चाडपर्वको दैनिकीबाट विस्तारै हराउँदै गएको छ । हामी बदलिने नाममा मौलिकता बिर्सिरहेका छौं । सभ्यता भुलिरहेका छौं । चाडपर्वलाई हामीले फरक बनाउने नाममा योसँग जोडिएका मौलिकता सकाउँदै गइरहेका छौं ।

**हराएको चङ्गा**

शारदीय वायुमा चङ्गा उडाउन सहज हुन्छ । चङ्गा उडाउनु रमाइलो वा मनोरञ्जन मात्र होइन । विजय र वर्चश्वको बोध गरेर उड्ने चङ्गा जीवन दर्शन पनि हो । उमङ्गको प्रतीक हो । चङ्गाको आविष्कार चीनमा इशापूर्व तेस्रो शताब्दीमा भएको हो । विश्वमै पहिलो चिनियाँ दार्शनिक हुआङ थेगले चङ्गा बनाएका थिए । यस हिसाबले हेर्दा चङ्गाको इतिहास दुई हजार तीन सय वर्ष पुरानो छ । नेपालमा भने ‘वर्षा र सहकालका देवता ईन्द्रसमक्ष खेतीबालीको लागि हामीलाई पानी पुग्यो’ भन्ने सन्देश पुऱ्याउन चङ्गा उडाउने प्रचलन शुरु भएको भन्ने छ । धागोले बाँधिएर लट्टाईबाट नियन्त्रण गरिने चङ्गा अनेक मान्यता, अन्धविश्वास र अनौठो प्रयोगको आधार हो । चाडपर्वमा चङ्गा उडाउने चलन छ । दुःख, पीडा भुल्दै रमाउने माध्यम पनि हो चङ्गा । चङ्गा चेट प्रतियोगिता पनि हुन्थे । अचेल डिजिटल पुस्ता आयो । हातमा मोबाइल आयो । मोबाइलमा धेरै कुरा आए । हामीलाई यसले निहुरिने बनायो । यसैले आकाशतिर फर्केर चङ्गा उढाउने कार्यहरु हराउँदै गए । चाडपर्वमा चङ्गा उडाउने चलन पनि लगभग लोपोन्मुख छ ।

**भेटघाट महोत्सव**

यसरी नेपालीको पहिलो र महान पर्व बडादसैं अचेल वश पुर्ख्यौली घर पुग्ने, ठूलाबडाबाट आशिष थाप्नेमा सीमित हुँदै गएको छ । मठमन्दिरमा लाग्ने मेला पनि पर्यटकीय प्रवर्द्धनमा सीमित हुन थालेका छन् । बडादसैंमा धार्मिक मठमन्दिरमा हुने मेला, बलीबारे नयाँ पुस्तालाई हामीले सुनाउन छाडेका छौं । उनीहरु सुन्न र बुझ्न छाडेका छन् । बडादसैं परिस्कृत हुन जरुरी छ । अनावश्यक बलीप्रथालाई हामीले हटाउँदै जानु पर्छ । चाडपर्व सभ्यताको मानक र सांस्कृतिक पाटो भने विस्तारै लोप हुँदैछ । हामी चाडपर्वलाई फगत आफन्त भेटघाट महोत्सवमा सीमित पारिरहेका छौं । चाडपर्वमा दिइने दक्षिणालाई पनि हामीले फेरेका छौं । दसैंमा छोरा, नातिलाई हामीले दक्षिणा दिन गर्थेनौं । तर अचेल सबै बराबरी भनेर दक्षिणा दिने गरेका छौं । विस्तारै हामी राष्ट्रिय पर्व बडादसैंका केही मौलिकता मेट्दै गइरहेका छौं । दसैं गरिमा र महिमा अनि मौलिक पाटोमा नयाँ पुस्तालाई जोड्न सकिरहेका छैनौं । केही वर्षपछिका दसैं कस्ता होलान् ? घरमा जमरा राख्ने चलन हट्नेछ । फूलपाती भित्र्याउन छाडिसक्यौं । आँगनमा बोको, खसी काटिने छैन । धार्मिक शक्तिपीठहरु घुमामस्थलमा सीमित हुनेछ । अनि मौलिकता गुगलमा सीमित हुनेछ । पृथ्वीनारायण शाहले गोरखाबाटै फूलपाती ल्याएर काठमाडौमा भित्र्याउने चलन अहिले पनि कायम छ तर यसको अर्थ धेरैलाई जानकारी हुन छाडेको छ ।

**देउसीभैलो र भजनकीर्तन**

चाडपर्वकै कुरा गर्दा तिहारका बेला लक्ष्मीपूजाका दिनसम्म भैली खेल्ने र त्यसपछि देउसिरे खेल्ने प्रचलन थियो । अझ यसमा भजनकीर्तन पनि गर्ने सभ्यता थियो । अचेल देउसीभैलोको महिमा पनि बालबालिकाको मनोरञ्जनमा सीमित भएको छ । धार्मिक कथनहरुलाई भजनमा ढालेर गाउने प्रचल हट्दो छ । तिहारका बेला भैलोलाई पनि हामीले संरक्षण गर्न सकिरहेका छैनौं । देउसी रेलाई पनि विस्तार बिर्सँदै गएका छौं । ‘कात्तिके दान’को महिमा जोडेर एकादशीसम्म कतैकतै भजनकीर्तनसहित देउसिरे खेल्ने चलन पनि हराउन थालेको छ । चाडपर्वका नाममा बिदामा रमाउने, मोबाइलमा रत्तिने र डिजिटल पुस्ताको अभ्यस्तपनले हाम्रा चाडपर्वहरु मौलिकताविहीन हुँदै जान थालेका छन् । यसले चाडपर्वलाई इतिहासको गर्वतिर धकेलिरहेको छ भने हामी विश्वव्यापी गाउँको सदस्य हुने होडमा आफ्नो रीतिरिवाजलाई भुल्दैछौं ।

**युवारहित गाउँ**

हामीसँग अब सहरलाई पठाउने युवा पुस्ता उत्पादन हुन छाडेको छ । अहिले मात्रै फाट्टफुट्ट युवा गाउँ आएर चाडपर्वको रौनक देखिएको हो । अब विस्तारै गाउँ खाली हुँदैछ । चाडपर्वमा युवापुस्ता गाउँ आउने होइन, गाउँमा भएका अभिभावक चाहीँ सहर झर्ने क्रम शुरु भएको छ । सन्तानहरुले गाउँमा भएका आफ्ना अभिभावकलाई सहर बोलाउन शुरु गरेका छन् । जहाँ आफ्ना सन्तान, त्यहीँ चाडपर्व । चाडपर्वको भाष्य पनि बदलिँदैछ । पहिला अभिभावक भन्थे, ‘सन्तान आएपछि चाडपर्व आएजस्तो लाग्छ ।’ अचेल भन्न थालेका छन्, ‘छोराछोरी सहरमै छन्, हामी पनि गएपछि चाडपर्व शुरु हुन्छ ।’ हो, अब सहरमै चाडपर्वको रौनक देखिनेछ । गाउँ आउने झन्झटभन्दा अभिभावकलाई सहर बोलाउने क्रम शुरु भएको छ । यो क्रम नेपालमा मात्र होइन, विदेशिएका सन्तानले पनि अब आफ्ना आमाबाबु उतै लैजान थालेका छन् । बसाइँ सरेरै युग बितिरहेको नेपाली पुस्ता पछिल्लो समय चाडपर्व लिएर गाउँ आइरहेका छैनन्, विस्तारै गाउँबाट चाडपर्वको रौनक पनि सहर र विदेशतिरै लगिरहेका छन् । यो क्रम हामीले रोक्न सकेनौं भने अब गाउँ युवारहित हुँदा हामी चाडपर्वको मौलिकता हराइरहेको भन्दै चिन्तन त गरिरहेका छौं, विस्तारै चाडपर्व नै मासिने अर्को खतरा पनि देखिन शुरु भएको छ । **(लेखक पत्रकार हुन्) -रासस**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । आफन्त सँग मनमुटाव बढ्ला । | **तुला** : अवसर आउनाले मन प्रसन्न रहनेछ । रोजगारको अवसर मिल्नेछ। |
| **वृष** : रमाइलो यात्राको सम्भावना छ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । | **वृश्चिक** : सफल यात्रा गर्ने अवसर प्राप्त हुनेछ । नयाँ आशा पलाउनेछ । |
| **मिथुन** : प्रतिस्पर्धामा विजयी भइनेछ । जटिल ठानिएको काम सम्पादन हुन सक्छ। | **धनु** : तनाव बढेको महसुस हुनेछ । कार्य सम्पादनमा समस्या आउला । |
| **कर्कट** : धार्मिक समारोहमा सरिक हुने सम्भावना छ । नयाँ कार्यको योजना बन्नेछ। | **मकर** : शुभकार्यको चर्चा चल्नेछ । शेयर बजारमा नोक्सानी होला । |
| **सिंह** : विचार पुर्याएर निर्णय लिनु राम्रो होला। दोधारको अवस्था सिर्जना हुनसक्छ। | **कुम्भ** :समर्थन गर्नेहरू प्रशस्त भेटिनेछन्। राजनैतिक क्षेत्रमा चासो बढ्नेछ। |
| **कन्या** : कारोबारबाट राम्रो फाइदा हुनेछ। कार्यमा सफलता मिल्नेछ । | **मीन** : प्रगतिको खबर सुन्न पाउनु हुनेछ। हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । |




नाटक — कमल रिजाल

# नैतिक शिक्षा




स्थान:- सामुदायिक विद्यालयको कक्षा कोठा समय:- अपराह्न तीन बजे पात्रहरू शिक्षिका:- नैतिक शिक्षा पढाउने शिक्षिका वर्ष ४० अनामिका:- कक्षा सातका छात्रा वर्ष १३ विपीन:- कक्षा सातका छात्र वर्ष १३ अपर्णा:- कक्षा सातका छात्रा वर्ष १३ अशोक:- कक्षा सातका छात्र वर्ष १३ मञ्चमा विद्यार्थीहरू गोलबद्ध भएर बसेका छन् । नेपथ्यमा प्राकृतिक सौन्दर्यका दृष्यहरू झल्याक झुलुक देखिन्छन् । दर्शक दीर्घामा विद्यालयका विद्यार्थी, शिक्षक तथा अविभावकहरू टनाटन छन् । शिक्षिका:- (विद्यार्थीहरूतर्फ फर्कँदै) बाबु नानी हो ! आज अतिरिक्त क्रियाकलापको कक्षा होइन ? विद्यार्थीहरू:- (सामुहिक स्वरमा) हो गुरु आमा ! शिक्षिका:- कुन विषय पढ्ने विचार छ भन त ? विद्यार्थीहरू:- (सामुहिक स्वरमा) पढ्न भन्दा पनि कुनै नाटक खेल्ने हो कि जस्तो लागेको छ गुरु आमा ! शिक्षिका:- कुन नाटक गर्ने विचार गरेका छौ त ? अनामिका:- अस्ति तपाईंले पढाउनुभएको नैतिक शिक्षा निकै मन परेको थियो । त्यसै विषयमा नाटक प्रस्तुत गर्न पाए हुन्थ्यो कि गुरु आमा ! शिक्षिका:- साथीहरूलाई पनि सोधेका छौ ? के छ उनीहरूको विचार ? विद्यार्थीहरू:- (सामुहिक स्वरमा) ठीक भनेकी छिन् अनामिकाले, हामीलाई पनि त्यस्तै लागेको छ । शिक्षिका:- राम्रो कुरा गर्‍यौ । नैतिक शिक्षा भनेको जीवनमा नभई नहुने कुरा हो । नैतिक अनुशासन विना जीवन चल्नै सक्दैन । प्रकृतिको यावत कुरा अनुशासनमा आबद्ध छन् । उनीहरूले एकैछिन मात्र अनुशासन छाडिदिए भने चौपट हुन्छ । अनामिका:- त्यो त बुझ्यौं तर कुनै उदाहरणबाट बुझ्न पाए थप प्रष्ट हुने थियौं । शिक्षिका:- यसमा कसैलाई कुनै चीज दिनुसित तुलना गर्न सकिन्छ । जस्तै तिमीहरूले कसैलाई कुनै चीज दियौ भने त्यसको ब्याजसमेत थपिएर फिर्ता हुने गर्छ । यसबाट सबैले सकेको उपकार गर्नुपर्छ भन्ने शिक्षा पाइन्छ । विपीन:- यसको कुनै उदाहरण पनि छ कि ? शिक्षिका:- छ नि किन छैन ? एउटा होइन सयौं उदाहरण पाउन सकिन्छ । अशोक:- जस्तै ? शिक्षिका:- कसैलाई केही दिएर हेर्‍यौ भने आफैं प्रष्ट हुन्छौ । अपर्णा:- कारण के हो नि गुरु आमा ! शिक्षिका:- यही कि जसको मन कुविचारले भरिएको हुन्छ उसको मन कमजोर हुन्छ, जसले गर्दा उसले कसैले दिएको नराम्रो चीज वा कुरा पचाउन सक्दैन

*नैतिक अनुशासन विना जीवन चल्नै सक्दैन । प्रकृतिको यावत कुरा अनुशासनमा आबद्ध छन् । उनीहरूले एकैछिन मात्र अनुशासन छाडिदिए भने चौपट हुन्छ । अनामिका:- त्यो त बुझ्यौं तर कुनै उदाहरणबाट बुझ्न पाए थप प्रष्ट हुने थियौं । शिक्षिका:- यसमा कसैलाई कुनै चीज दिनुसित तुलना गर्न सकिन्छ । जस्तै तिमीहरूले कसैलाई कुनै चीज दियौ भने त्यसको ब्याजसमेत थपिएर फिर्ता हुने गर्छ । विपीन:- यसको कुनै उदाहरण पनि छ कि ? शिक्षिका:- छ नि किन छैन ? एउटा होइन सयौं उदाहरण पाउन सकिन्छ । अशोक:- जस्तै ? शिक्षिका:- कसैलाई केही दिएर हेर्‍यौ भने आफैं प्रष्ट हुन्छौ । वपीन:- अनि असल चीज वा कुरा दिइएको छ भने के हुन्छ नि गुरु आमा ! शिक्षिका:- जसलाई राम्रो भन्छौ, जसको राम्रो गरेका छौ भन्ने गर्छौं ऊ खराब नै रहेछ भने पनि उसले तिमी प्रति कुभाव राख्न सक्दैन ।*

र तत्कालै दिने मानिसलाई नै फिर्ता गरिदिन्छ । अनामिका:- यस्तो नियम त सुविचार हुनेमा पनि लागू हुन्छ होइन र ? शिक्षिका:- होइन । असल असल विचार भएका मानिसले त्यस्ता चीज वा कुरालाई सजिलै पचाउन सक्ने भएकाले उसलाई खासै असर पर्दैन । सके त उसले हाँसेर टारिदिन सक्छ । नभए पनि सम्झाउन थाल्छ । विपीन:- अनि असल चीज वा कुरा दिइएको छ भने के हुन्छ नि गुरु आमा ! शिक्षिका:- जसलाई राम्रो भन्छौ, जसको राम्रो गरेका छौ भन्ने गर्छौं ऊ खराब नै रहेछ भने पनि उसले तिमी प्रति कुभाव राख्न सक्दैन । अशोक :- अरूलाई नराम्रो सोच्दा चाहिँ के हुन्छ नि गुरु आमा ! शिक्षिका:- तिमीले जति अरूको नराम्रो सोच्ने गर्छौं त्यति नै त्यो तिमीसितै फर्कने गर्छ । किनकि त्यस्तो चीज उसले लिँदैन । जब उसले लिँदैन भने तिमीले दिएको चीज तिमीलाई नै फिर्ता हुने नै भयो । अपर्णा:- मित्रता बढाउन के गर्नुपर्छ नि गुरु आमा ! शिक्षिका:- यदि तिमीले कसैको नराम्रो सोचेनौ, नराम्रो गरेनौ भने तिमी प्रति शत्रुता राख्ने मानिस नै हुँदैनन् । भए पनि निकै कम हुन्छन् । कतिपय अवस्थामा तिमी आफैंभित्रको दोष पनि अरूमाथि थोपरिरहेका हुन सक्छौ । यदि यसको सट्टा असल कुरा दिन थाल्यौ भने उसभित्रको शत्रुता भाव मेटिन सक्छ र तिमीलाई पनि उसले असल सोच्ने गर्छ । विपीन:- प्रेम बढाउने कुनै सूत्र पनि छ कि गुरु आमा ! शिक्षिका:- छ नि किन नहुने ? यदि तिमीले कसैलाई प्रेम गर्‍यौ भने उसले अरूमाथि पनि त्यस्तै गर्छ र समाजको खराबी मेटिँदै जान्छ । अनामिका:- खराबी कसरी बढ्छ नि गुरु आमा ! शिक्षिका:- यदि तिमीले कुभावनाको बदला कुभावना नै दिन थाल्यौ भने उसभित्रको खरावी आगो जस्तै फैलिन थाल्छ र उसले पूरा समाजलाई नै जलाइदिन सक्छ । अपर्णा:- एउटाको खराबी हट्दैमा अरू कसरी सुरक्षित हुन्छन् त गुरु आमा ! शिक्षिका:- यदि तिमीले प्रेम दियौ भने उसभित्रको खराबीको आगोमा यति बढी प्रेमको पानी वर्षिन थाल्छ कि तत्कालै त्यसलाई निभाउन सफल हुन्छ । अनामिका:- यसबाट आफूलाई केकस्तो फाइदा हुन्छ नि गुरु आमा ! शिक्षिका:- तिमीभित्र छिपेको प्रेमको नदी यसरी छताछुल्ल हुन्छ कि तिमीलाई सबैको तर्फबाट निर्भय प्राप्त हुन्छ र तिमी सुखी हुन सक्छौ बुझ्यौ ? विद्यार्थीहरू:- (संयुक्त स्वरमा) बुझ्यौं गुरु आमा ! यत्तिकैमा समय सकिएको घन्टी लाग्छ । सबै आ-आफ्नो घरतिर लाग्छन् ।

*-रातोपाटी डटकम*

छोटो कथा — केदार आचार्य

# आइफोन कोसेली

"यी लेऊ, तिमीलाई कोसेली ।" खेमराजले हात अगाडि बढाउँदा उसको हातमा आइफोन-१६ को नयाँ बट्टा जगमगाइरहेको थियो । "आब्बुइ, आइफोन !" सीताले सुखद आश्चर्यका साथ हातमा आइफोन लिइन् र ओल्टाइपल्टाइ गर्न थालिन् र भनिन्," "मलाई त यस्तो कोसेली आउला भन्ने आशै थिएन ।" "ल, के कुरा गरेकी तिमीले ? विदेश जाँदा कहिले तिमीलाई रित्तो हात राखेको छु र ?" "त्यो त हो । तर यति महँगो गिफ्ट !" "सालीको लागि ल्याइने गिफ्टको पनि कतै मोल हेरिन्छ त !" अलिकति जिस्किने मूडमा आयो खेमराज । साली-भेनाको उमेर जति भए पनि नाता भने युवा नै हुन्छ ।"यो विदेश भ्रमण त चिठ्ठा परेको हो, मलाई । चिठ्ठा परेको पैसाको के लोभ गर्नु ?" खेमराजले गफ दियो । वास्तवमा यो मौका त संयोगले मात्र आएको थियो । पुरानो सरकार रहेको भए ऊ टोलीमा पर्ने नै थिएन । अर्कै पार्टीको कर्मचारी जान्थ्यो भत्ता खान । नेपालमा अहिले सत्ता परिवर्तनको असर खरिदारको कुर्सीसम्म आइपुग्छ । अवसर कुन कर्मचारीले पाउने भन्ने कुराको निर्क्यौल उसको पार्टीसँग सम्बन्धित छ । फेरि अनेक तिकडम र जालझेल । भन्नु उसो हैन, किनमेल पनि चल्छ । जागीर वास्तवमा ठेक्कापट्टा भएको छ अहिले । खेमराजले गफ हाँके पनि यो महँगै कोसेली थियो । खेमराज विदेश जाँदा सबै भत्ता र सुविधाको रकमको डलर साटेर जान्थ्यो र उतै बसेका छोराछोरीलाई दिएर आउँथ्यो । यसरी जाँदा कोसेली त ल्याइदिन्थ्यो तर दश-बीस डलर जाने सजावटका सामग्री वा सौन्दर्य प्रसाधन मात्र । यो पटक त उल्कै गरेको थियो । "त्यो त हो भिनाजु । तर मैले दिदीसँग कुरा गर्दा भिनाजुलाई किनमेल गर्ने फुर्सद नै हुँदैन भन्नुहुन्थ्यो । त्यसैले मात्र ।" सीतालाई भिनाजुको चित्त दुखेको जस्तो लाग्यो । "त्यो त हो नि ! ठूलाबडाहरूसँग हुने भ्रमणमा त्यति फुर्सद नै हुँदैन । विदेशमा उनीहरूलाई एक्लै पारेर कतै जान मिल्दैन । कति वेला कुन जरूरी काम पर्छ थाहा हुँदैन । कार्यक्रमहरू पनि व्यस्त नै राखेर बनाइएको हुन्छ । उनीहरूको आसेपासे किनमेल र घूमघामका लागि बरालिंदा आफू भने उनीहरूको वरिपरि घुमिरहनुपर्छ ।" खेमराजले सही थाप्यो । "तिमीले समाचारमा पनि सुन्यौ होला त ! विदेशमा रहेका नेपालीले त्यहाँ हुने एउटा कार्यक्रममा विरोध प्रदर्शन गर्ने हल्ला चल्यो । यसैकारण कार्यक्रम रद्द भयो । अचानक यसरी कार्यक्रम रद्द हुँदा उहाँहरूलाई पनि फुर्सद भयो । हामीले पनि केही समय फुर्सद पायौं, किनमेल गर्न पनि पाइयो । तिमीलाई आइफोन त्यसरी जुरेको हो ।" खेमराजले विदेश भ्रमणको एक टुक्रा कथा सुनायो । खेमराजले सालीसँग यो बेलीबिस्तार लगाए पनि कुरो अलि फरक थियो । नेताहरू विदेशमा रहँदा उनीहरूसँग भेट्न उद्योगपति र व्यापारीका प्रतिनिधिहरू सलबलाइरहेका हुन्छन् । यो पटक पनि सिङ्गापुरबाट एकजनाले खेमराजलाई तारन्तार फोन गरेर समय मिलाइदिन भनेका थिए । कार्यक्रम रद्द भएको कारण केही समय खाली रहेको जानकारी तिनलाई खेमराजले नै गराएका थिए र भेटघाटको तारतम्य पनि मिलाइदिएका थिए । त्यसै बापत ती प्रतिनिधिले खेमराजलाई यो आइफोन दिएका थिए । घरमा सबैले



*जागीर वास्तवमा ठेक्कापट्टा भएको छ अहिले । खेमराजले गफ हाँके पनि यो महँगै कोसेली थियो । खेमराज विदेश जाँदा सबै भत्ता र सुविधाको रकमको डलर साटेर जान्थ्यो र उतै बसेका छोराछोरीलाई दिएर आउँथ्यो । यसरी जाँदा कोसेली त ल्याइदिन्थ्यो तर दश-बीस डलर जाने सजावटका सामग्री वा सौन्दर्य प्रसाधन मात्र । यो पटक त उल्कै गरेको थियो । "त्यो त हो भिनाजु । तर मैले दिदीसँग कुरा गर्दा भिनाजुलाई किनमेल गर्ने फुर्सद नै हुँदैन भन्नुहुन्थ्यो । त्यसैले मात्र ।" सीतालाई भिनाजुको चित्त दुखेको जस्तो लाग्यो । "त्यो त हो नि ! ठूलाबडाहरूसँग हुने भ्रमणमा त्यति फुर्सद नै हुँदैन । विदेशमा उनीहरूलाई एक्लै पारेर कतै जान मिल्दैन । कति वेला कुन जरूरी काम पर्छ थाहा हुँदैन । कार्यक्रमहरू पनि व्यस्त नै राखेर बनाइएको हुन्छ । उनीहरूको आसेपासे किनमेल र घूमघामका लागि बरालिंदा आफू भने उनीहरूको वरिपरि घुमिरहनुपर्छ ।" खेमराजले सही थाप्यो । "तिमीले समाचारमा पनि सुन्यौ होला त ! विदेशमा रहेका नेपालीले त्यहाँ हुने एउटा कार्यक्रममा विरोध प्रदर्शन गर्ने हल्ला चल्यो । यसैकारण कार्यक्रम रद्द भयो । अचानक यसरी कार्यक्रम रद्द हुँदा उहाँहरूलाई पनि फुर्सद भयो । हामीले पनि केही समय फुर्सद पायौं, किनमेल गर्न पनि पाइयो । तिमीलाई आइफोन त्यसरी जुरेको हो ।" खेमराजले विदेश भ्रमणको एक टुक्रा कथा सुनायो । खेमराजले सालीसँग यो बेलीबिस्तार लगाए पनि कुरो अलि फरक थियो । नेताहरू विदेशमा रहँदा उनीहरूसँग भेट्न उद्योगपति र व्यापारीका प्रतिनिधिहरू सलबलाइरहेका हुन्छन् ।*

पहिलादेखि नै आइफोन चलाइरहेका हुनाले यो चैं उसकी साली सीताको हातमा पुगेको थियो । तर यो कुरा त किन कसैलाई भनिरहनु पर्‍यो र ? "आइफोन राम्रो भए पनि यसको कथा त झूर रहेछ त, भिनाजु ! देशकै बेइज्जत भएछ ।" "पहिले अवसरको खोजीमा विदेश पुगेका र विदेशमा धेरै प्रगति गरेका नेपालीहरू धेरै थिए । अचेल नेपालमा दु:ख पाएर विदेश गएका र उता पनि हन्डर पाएका नेपालीहरूको संख्या बढिरहेको छ । देशको चाल पनि त ठीक छैन नि ! दु:ख पाउनेले आक्रोश पोख्छ नै । यो त्यही भएको हो । तिमी धेरै भावुक नबन । मोबाइल चलाऊ, टिकटक बनाऊ । यस्ता घटनाबाट जसको निधार खुम्चनु पर्ने हो, उनीहरूको निधार खुम्चिंदैन । हामी साना मान्छे गम्भीर भएर के गर्नु ? नेपाल बगिरहेको गङ्गा हो, सबैले हात चोबलेर पाप पखालिरहेका छन् । तिमी पनि टाउको नदुखाऊ ।" "थ्याङ्क्यु भिनाजु ।" *-साहित्यपोस्ट डटकम*

# अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस मनाइँदै



**पाल्पा,** असोज ३०/अन्तर्राष्ट्रिय गरिवी निवारण दिवस विहीबार विभिन्न कार्यक्रम गरी नेपालसहित विश्वभर मनाइँदैछ । संयुक्त राष्ट्रसंघको पहलमा सन् १९९३ देखि प्रत्येक वर्षको अक्टोबर १७ तारिखलाई अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसका रुपमा मनाउन थालिएको हो ।

गरिबीविरुद्ध एकजुट भएर लड्न तथा गरिबीसम्बन्धी जानकारी विश्वभर आदानप्रदान गर्ने उद्देश्यले सन् हरेक वर्ष यो दिवस मनाउने गरिएको छ । संयुक्त राष्ट्रसंघले खाना, नाना र छानाको अभावमा रहेका नागरिक गरिब हुन् भनि व्याख्या गरेको छ । विश्व बैंकको प्रतिवेदन अनुसार पछिल्ला दुई वर्षमा झण्डै ९ करोडदेखि १२ करोड मानिस गरिबीको चपेटामा परेका छन् । विश्वका १ अर्ब ३० करोड मानिसहरु अझै गरिबीको रेखामुनि रहेको राष्ट्रसंघले जनाएको छ । न्यून र मध्यम आय भएका मुलुकमा थप २ दशमलव ३ प्रतिशत बिन्दुले गरिबी दर वृद्धि हुने अनुमान गरिएको छ । नेपालको हकमा, यसअघि राष्ट्रिय योजना आयोगले गरिबी १८ दशमलव ७ प्रतिशत र बहुआयामिक गरिबी २८ दशमलव ६ प्रतिशत रहेको जनाएको थियो । जसलाई पन्ध्रौं योजनाले सन् २०३० सम्म ५ प्रतिशत र सन् २०४३ सम्म शून्यमा झार्ने लक्ष्य राखेको छ । सन् २०१४ मा नेपालमा बहुआयामिक गरिबीको संख्या कुल जनसंख्याको ३० प्रतिशत रहेको थियो । तर त्यसको पाँच वर्षपछि बहुआयामिक गरिबीको संख्या १७ दशमलब ४ प्रतिशतमा झर्‍यो ।

दिगो विकासको लक्ष्यले पनि सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने लक्ष्य निर्धारण गरेको छ । नेपाल सरकारले पनि गरिबी निवारणका लागि भनेर विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । नेपालमा गरिबी निवारणको लागि संघ, प्रदेश तथा पालिकामा अर्बौं रुपैयाँका फरक-फरक कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । तर, अपेक्षाकृत रुपमा भने नेपालमा गरिबी घट्न सकेको छैन ।

पछिल्लो समय नेपालमा शिक्षाको पहुँचसंगै स्वरोजगारमा भएको विकास, रोजगारीको अवसर, रेमिट्यान्स, उद्यमशिलताका लागि ग्रामीण विकास वैक मार्फत विना धितो सरल कर्जा लगायतले जीवनस्तर सुधारका संकेतहरु देखिएका छन् । तर, गरिबको संख्या र गरिबीको कारण पहिचान नगरी नीति तथा कार्यक्रम बनाउँदा गरिबी निवारण चुनौतीपूर्ण बनेको सरोकारवाला बताउँछन् । समावेशी विकास र भरपर्दो जीवनयापनका श्रोतहरु नै गरिबी निवारणका प्रथम मापदण्ड भएको विज्ञहरु बताउँछन् ।

# फेरी बैंकहरूले घटाए निक्षेपको ब्याजदर




**पाल्पा,** असोज ३०/वाणिज्य बैंकहरूले कार्तिक महिनाका लागि पनि निक्षेपको ब्याजदर थप घटाएका छन् । निक्षेप बढिरहेको र कर्जा प्रवाह अपेक्षित रुपमा बढ्न नसक्दा बैंकहरुले महिनैपिच्छे निक्षेपको ब्याजदर घटाउँदै लगेका हुन् ।

वाणिज्य बैंकहरूले बुधबार प्रकाशित गरेको कात्तिक महिनाको ब्याजदर सूचीअनुसार असोजको तुलनामा कात्तिकमा एक वर्षे व्यक्तिगत मुद्दती निक्षेपको औसत ब्याजदर ०.२४५ प्रतिशत विन्दुले घटेको हो । जसअनुसार असोजमा एक वर्षे व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर औसत ६.३९६ प्रतिशत रहेको थियो । कात्तिकका लागि यो ब्याजदर घटेर औसत ६.१५१ प्रतिशतमा कायम भएको छ । सञ्चालनमा रहेको २० वटा वाणिज्य बैंकहरुमध्ये ११ वटाले असोजको तुलनामा कात्तिकमा निक्षेपको ब्याजदर सामान्य घटाएका छन् । आठ वटाले स्थिर नै राखेका छन् भने एउटा बैंकले सामान्य बढाएको छ ।

व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर घटाउनेमा कृषि विकास, राष्ट्रिय वाणिज्य, लक्ष्मी सनराइज, प्राइम, सिटिजन्स, नबिल, सिद्धार्थ, स्टान्डर्ड चार्टर्ड, एनआईसी एसिया र हिमालयन बैंक छन् । स्थिर राख्नेमा ग्लोबल आईएमई, कुमारी, एसबीआई, नेपाल, इन्भेस्टमेन्ट मेगा, माछापुच्छ्रे, एभरेस्ट, एनएमबी र प्रभु छन् । कात्तिकमा व्यक्तिगत मुद्दतीमा अधिकतम ब्याजदर ७ र न्यूनतम ब्याजदर जम्मा ५.७५ प्रतिशत कायम भएको छ ।

लामो अवधिको व्यक्तिगत मुद्दती निक्षेपमा केही उच्च ब्याजदर र छोटा अवधिको मुद्दती निक्षेपमा ब्याजदर केही कम गर्ने नीति बैंकहरूको देखिन्छ । निक्षेपको ब्याजदर घट्दा आधार दर घटेर कर्जाको ब्याजदरमा ऋणीलाई राहत हुनेछ ।

राष्ट्र बैंकले व्यक्तिगत मुद्दती निक्षेपको माथिल्लो सीमा र बचतको न्यूनतम ब्याजदरबीच अन्तर बढीमा ५ प्रतिशतभन्दा धेरै हुन नहुने व्यवस्था गरेको छ ।

खेलकुद समाचार

# अर्जेन्टिनाको सानदार जित



**काठमाडौं,** असोज ३०/लियोनल मेसीको ह्याट्रिकमा दक्षिण अमेरिकी विश्वकप छनोटमा विश्व च्याम्पियन अर्जेन्टिनाले बुधबार बोलिभियामाथि ६-० को सानदार जित रचेको छ । ब्युनर्स आयर्समा भएको खेलमा मेसीले १९ औं मिनेटमा पहिलो गोल गरे ।

त्यसयता ८४ तथा ८६ औं मिनेटमा थप दुई गोल गरे र आफ्नो ह्याट्रिक पूरा गरे । यसबीच लउतारो मार्टिनेजले ४३, जुलियन अल्भारेजले पहिलो हाफको इन्ज्युरी समयको तेस्रो मिनेट तथा थिएगो अल्माडाले ८९ औं मिनेटमा गोल गरे । यो जितपछि अर्जेन्टिनाको १० खेलबाट २२ अंक भएको छ र लिग तालिकाको शीर्षमा छ । कुल १० सम्मिलित विश्वकप छनोटमा अर्जेन्टिनाले लगातार उत्कृष्ट प्रदर्शन गरिरहको छ । अर्जेन्टिना पछाडि कोलम्बियाको १९ र उरुग्वेको १६ अंक छ । यसअघिका खेलमा कोलम्बियाले चिलीलाई ४-० र पाराग्वेले भेनुजुएलालाई २-१ ले हराएको थियो । यस्तै उरुग्वे र इक्वेडरले गोलरहित बराबरी खेलेका थिए ।

अर्थ/कर्पोरेट समाचार

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो



**पाल्पा,** असोज ३०/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ ।

इण्डियन आयल कर्पोरेसनबाट नयाँ खरिद मूल्य कायम भएर आएअनुसार निगमले मंगलबार रातिदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको हो । जस अनुसार निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर १, डिजेल र मट्टितेलमा प्रतिलिटर ४ रुपैयाँ वृद्धि गरेको छ । मूल्य समायोजनसँगै पेट्रोलको मूल्य पहिलो वर्गमा प्रतिलिटर १ सय ५६ दशमलव ५०, दोस्रो वर्गमा १ सय ५८ र तेस्रो वर्गमा १ सय ५९ तथा डिजेल र मट्टितेल पहिलो वर्गमा १ सय ४८.५०, दोस्रो वर्गमा १ सय ५० र तेस्रो वर्गमा १ सय ५१ रुपैयाँ कामय भएको छ ।

निगमले पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलवासी, नेपालगन्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायलस्थित डिपोलाई वर्गीकरण गरेको छ । खाना पकाउने ग्यासको मूल्य भने यथावत राखिएको छ ।

# आज पूर्णिमा व्रत : बडादसैं समापन




**पाल्पा,** असोज ३०/आज शुक्ल पक्षको अन्तिम दिन अर्थात् पूर्णिमा हो । यस तिथीमा चन्द्रमा सर्वाधिक चम्किलो र तेजिलो रुपमा रहेको हुन्छ । यस दिन व्रत बस्नाले चन्द्रमाको असिम कृपा प्राप्त हुने र स्वास्थ, समृद्धि र शान्ति प्राप्त हुने विश्वास रही आएको छ । पूर्णिमाको दिन विशेषगरि भगवान शिव र विष्णुको आराधना गरिन्छ । भगवान विष्णुलाई गरिने विशेष अर्चनालाई सत्य नारायण पुजाको स्वरुपमा गरिन्छ । सामान्यतया सत्य नारायण पुजा जहिले गरे पनि हुने कार्य हो यद्धपि पूर्णिमाको दिनमा गरिने यस पुजाको फल निकै धेरै पाइन्छ ।

वैज्ञानीक हिसाबले हेर्दा पूर्णिमाको दिन पृथ्वीमा गुरुत्वबलको प्रभाव धेरै रहने र यस दिन व्रत बसेर भगवानको नाम सुमरण गर्दा आत्मशुद्धि हुने बताइन्छ । यस दिन व्रत बस्नाले मेटावोलीक प्रक्रिया सुदृढ रहने, ग्याष्ट्रिक समस्याहरु हल भएर जाने र शरीरमा सकारात्मक उर्जा बढ्ने हुन्छ । यस दिनको व्रत बिहान सूर्योदयको समयबाट साँझमा चन्द्रोदय भएसम्म गरिन्छ । कसै कसैले निराहार र निर्जल बसेर यस व्रत लिन्छन् भने कसै कसैले एक छाक मात्र खाएर, अलिनो आहार ग्रहण गरेर व्रत बस्दछन् । साँझमा चन्द्रोदय पछि चन्द्रमाको दर्शनसँगै व्रत समापन हुन्छ । दसैं पछिको आजको पूर्णिमाको महत्व आकाश दीप र कार्तिक स्नान दुवैको घोतक मानिन्छ । आजबाट अब आकाशे दीप दान र कार्तिक स्नान दुवै परम्पराको सुरुवात भएको छ । यस वर्ष कोजाग्रत पूर्णिमा भने बुधबार मनाइएको छ । कोजाग्रत पूर्णिमाका दिन राति जाग्राम बसी महालक्ष्मीको पूजा आराधना गरिएको छ । सूर्योदय कालमा चतुर्दशी र मध्यरातमा पूर्णिमा तिथि परेकाले कोजाग्रत पूर्णिमा बुधबार नै परेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । साँझमा पूर्णिमा तिथि पर्दा गरिने पूर्णिमा व्रत भने आज परेको हो । यसैले मान्यजनबाट नवदुर्गाको प्रसादस्वरुप टीका र जमरा लगाउने अन्तिम दिनका रुपमा हिजोलाई नै दिइएको छ । आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म नवदुर्गाको साधना गरिएको प्रसादस्वरुप विजयादशमीका दिनदेखि सुरु भएको टीका र जमरा लगाउने क्रम सकिएको छ । मान्यजन टाढा टाढा हुने आफन्त विजयादशमीदेखि आश्विन शुक्ल पूर्णिमासम्म आशीर्वाद थाप्न घर घरमा जाने गर्छन् । आफन्त टाढा हुनेका लागि बडादसैं नवदुर्गाको प्रसाद र आशीर्वाद लिनुका साथै भेटघाट गर्ने अवसर पनि हो । बडादसैंको सार्वजनिक बिदा सोमबार सकिएर मंगलबारदेखि सरकारी कार्यालय खुलेका छन् । कात्तिक १ अर्थात् आजदेखि नेपालीको महान् चाड बडादसैं विधिवत् रुपमा समापन हुँदै छ ।

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई